# अनलाईनबाट अध्यापन अनुमति फाराम भर्ने सम्बन्धमा
# सामान्यतया सोधिने प्रश्न र जवाफहरु

| जिज्ञासा वा प्रश्न | जवाफहरु |
|---|---|
| १. जाँच दिनु पर्ने कि नपर्ने भन्ने सम्बन्धमा | |
| १.१ माध्यमिक तहको स्थायी लाइसेन्स प्राप्त गरेको र कक्षा ११-१२ मा पढाएका कारण अस्थायी लाइसेन्स लिएको व्यक्तिले यो परीक्षा दिनु पर्छ कि पर्दैन? | माध्यमिक तहको स्थायी लाइसेन्स हुनेले फेरि परीक्षा दिइरहनु पर्दैन। |
| १.२ साविक उच्च माविमा अध्यापनरत सबैले आवेदन गर्न पाउने कि नपाउने ? | आयोगद्वारा अस्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेकाले मात्र तोकिएको विज्ञापनमा उम्मेदवार हुन पाउनेछ। |
| २. फाराम भर्ने तरिका सम्बन्धमा | |
| २.१ आवेदन फाराम कसरी भर्ने ? | फाराम भर्नु अघि आयोगको वेवसाइटमा रहेको User Guide राम्रोसँग अध्ययन गरी सो को अनुशरण गरी भर्ने। |
| २.२ फाराम भर्दा नेपाली फन्टमा समस्या आयो के गर्ने? | युनिकोडका फन्टहरु प्रयोग गर्नुहोला |
| २.३ फाराम भर्दा पछि सच्याउन मिल्छ? | फाराम भर्दा यकीन गरेर मात्र भर्नु होला; सबमिट गरेर फेरि सच्याउन पाइने छैन। |
| ३. तालिम सम्बन्धमा | |
| ३.१ शिक्षा शास्त्रबाट योग्यता हासिल गरेका वा शैक्षिक योग्यता पूरा गरेपछि एक वर्षे वि. एड. गरेकाले तालिम लिनु पर्ने कि नपर्ने ? | आइ. एड., वि. एड., र एम. एड. उत्तीर्ण गरेको व्यक्तिको हकमा सम्बन्धित तहको तालिम हासिल गरेको मानिनेछ। |
| ३.२ कस्तो दश महिने तालिमले मान्यता पाउने हो? | साविकको शैक्षिक जनशक्ति विकास केन्द्रबाट अनुमति लिइ मान्यता प्राप्त संस्थाबाट दिइएको शिक्षा विषयको १० महिने तालिम लिएको मानिनेछ। |
| ४. विविध विषयमा | |
| ४.१ कुनै तहमा स्थायी अध्यापन अनुमति पत्र लिएका व्यक्तिले विषयगत अध्यापन लिनु पर्ने कि नपर्ने ? | कुनै तहमा स्थायी अध्यापन अनुमति पत्र लिइसकेका व्यक्तिले पुनः त्यही तहको अध्यापन अनुमति पत्र लिनु अनिवार्य छैन। |